ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

घर नं.: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११४८६
फोन: ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्स: ००९७७-१-४५७५११२
इमेल: trans@tinepal.org, वेभसाइट: www. tinepal.org, tinepal
जि.प्र.का. [illegible] समाज कल्याण परिषद् आ.नं.१४०११

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

# सीपीआई २०२५ मा आधारित प्रेस नोट

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) द्वारा विश्वमा व्याप्त भ्रष्टाचारको अवस्थाको मूल्यांकन गरी Corruption Perceptions Index (CPI) 2025 (भ्रष्टाचार अवधारणा सूचकाङ्क-२०२५) आज सार्वजनिक गरिएको छ। सूचकाङ्कले विगतको दशकमा भ्रष्टाचार नियन्त्रणमा प्रगति न्युन भएको र धेरै देशहरुमा स्थिती झन खस्किएको देखाएको छ । सर्वेक्षण गरिएका १८२ मुलुकहरुको यस वर्षको औसत अंक गत वर्षभन्दा एक अंकले घटेर ४२ कायम भएको छ। एक दशक अघि सुचकाङ्कमा ८० भन्दा वढी अंक प्राप्त गर्ने मुलुकको संख्या १२ रहेकोमा यस वर्ष ५ मा झरेको छ। सन् २०१२ यता ५० भन्दा बढी मूलुकहरुमा भ्रष्टाचार नियन्त्रणको स्थिती विग्रदो अवस्थामा रहेको र तिनीहरुको अंक क्रमशः घट्दो क्रममा रहेको देखाएको छ । सुधार गर्ने देशहरुको संख्या ३१ देखिएको छ । समग्रमा, सन् २०२५ मा विश्वका दुई तिहाई देशहरुले १०० मा ५० भन्दा कम अंक प्राप्त गरी भ्रष्टाचार नियन्त्रण गर्न नसकेको देखिएको छ । सूचकाङ्कमा १०० अङ्कले भ्रष्टाचार रहित र ० अङ्कले अति भ्रष्ट जनाउँदछ ।

सूचकाङ्कमा सवैभन्दा कम भ्रष्टाचार हुने मुलुकको रुपमा डेनमार्कले विगत ८ वर्षदेखि आफ्नो स्थान कायम राख्दै यस वर्ष पनि सर्वाधिक ८९ अंक प्राप्त गरेको छ। साउथ सुडान र सोमालिया ९ अङ्क प्राप्त गरी सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको रुपमा रहेका छन् ।

दक्षिण एशियाली राष्ट्रहरूमध्ये भुटानले ७१ अङ्क, भारतले ३९ अङ्क, मालदिभ्सले ३९ अङ्क, श्रीलङ्काले ३५ अङ्क, पाकिस्तानले २८ अङ्क, बङ्गलादेशले २४ अङ्क र अफगानिस्तानले १६ अङ्क प्राप्त गरेका छन्। छिमेकी मुलुक चीनले ४३ अङ्क प्राप्त गरेको छ। भुटान बाहेक अधिकांश दक्षिण एशियाली देशमा भ्रष्टाचार समस्या कै रुपमा रहेको देखिएको छ ।

नेपालको अंक गत वर्ष जस्तै यस वर्ष पनि ३४ नै रहेको छ। ६ वटा अन्तराष्ट्रिय संस्थाहरुद्वारा सन् २०२५को अगष्ट महिना सम्मका सुशासन सम्वन्धी तथ्याङ्कलाई आधार बनाई नेपालको अंक निर्धारण गरिएको छ। लामो समयदेखि नेपालले ३५ भन्दा कम अंक पाउँदै आएको सन्दर्भमा सूचकाङ्कमा तल्लो तहमा रहेको यस अंकले नेपालमा पटक पटक सत्तामा रहेका सरकारहरुद्वारा भ्रष्टाचार विरुद्ध ठोस काम गर्न नसकेको देखाएको छ। यहि भाद्र २३ र २४ मा भएको जेनजी आन्दोलन र देशले व्यहोर्नु परेको अपुरणिय धनजनको क्षतिको कारक बढ्दो भ्रष्टाचार हो भन्ने आधारलाई सूचकाङ्कको यस अवस्थाले पुष्टि गर्ने देखिन्छ ।

सन् २०२५ मा सूचकाङ्क न्युन रहेका वा विगत एक दशकदेखि भ्रष्टाचार ग्रसित देशहरुमा जेनजीद्वारा भ्रष्टाचार विरुद्धको प्रदर्शन भएको देखिएको छ। नेपाल, मादागास्कर, फिलिपिन्स, इन्डोनेशिया जस्ता देशका जेनजी युवाले नेतृत्व वर्गको शक्ति दुरुपयोग तथा सुलभ सार्वजनिक सेवा, रोजगारी र आर्थिक अवसरबाट वन्चित हुनुपरेको महसुस गरी सडकमा उत्रिएर शशक्त विरोध गरेका छन् ।

भ्रष्टाचार एक प्रवृतिको रुपमा बढ्दै जानु चिन्ताजनक छ। स्थापित प्रजातान्त्रिक मूलुकहरुमा नेतृत्व ह्रासका कारण भ्रष्टाचार बढ्न गई लोकतन्त्र/प्रजातन्त्र कमजोर भएको र नागरिक स्वतन्त्रता साँघुरो हुँदै गई अन्ततः देश र जनताको विकाशको गति अपेक्षित रुपमा अघि नवढेको अवस्था सृजना भएको छ। ट्रान्सपरेन्सी इन्टरनेशनलले राजनितिक नेतृत्व भ्रष्टाचार नियन्त्रण प्रति प्रतिवद्ध हुनुपर्ने, कानुनको पूर्ण परिपालना गर्नु गराउनु पर्ने, अंतराष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गरिनुपर्ने र नियमनकारी व्यवस्था बलियो बनाउनु पर्ने उल्लेख गरेको छ। साथै, नागरिकको हक अधिकारको सुनिश्चितता लगायत अन्तरदेशीय पूँजी पलायन रोक्न कानुनी छिद्र बन्द गर्न पनि अपिल गरेको छ। राजनीतिको लागि भ्रष्टाचार अपरिहार्य होइन भन्ने कुरा नेतृत्व वर्गले ध्यान दिन अति जरुरी छ भन्ने यस सूचकाङ्कको सन्देश रहेको छ ।

जेनजी तथा युवा आन्दोलनबाट राजनितिक भ्रष्टाचार निर्मुल गर्न नेपाली जनसमुदाय तत्तपर रहेको अहिलेको परिप्रेक्षमा आसन्न निर्वाचनबाट मुलुकको शासनभार सम्हाल्न भ्रष्टाचारमा नमुछिएका स्वच्छ, इमान्दार तथा प्रतिबद्ध राजनितिज्ञको चयन हुन जरुरी छ। यसो हुन सके मात्र दशकौं देखि वेलगाम रहेको भ्रष्टाचार नियन्त्रणको स्थितिमा ठोस सुधार हुनसक्ने आशा गर्न सकिन्छ। यसका लागि निर्वाचित भएर आउने जनप्रतिनिधीहरु राजनितिक, सामाजिक र आर्थिक क्षेत्रमा रहेका मुख्य समस्या एवम् कमी कमजोरीहरु समाधान गर्ने तर्फ केन्द्रित रहनुका साथै जेनजी आन्दोलनको उद्देश्य प्राप्ति तर्फ सम्वेदनशिल हुन जरुरी छ ।



गुनासोको लागि : टोल फ्री नम्बर: १६६०-०१-२२-२११, एसएमएस: ९८४३२४११०९, इमेल: complain@tinepal.org

### सीपीआईमा नेपाल: सन् २०१५ देखि २०२५ सम्म (१० वर्ष)

| वर्ष (सन्) | २०२५ | २०२४ | २०२३ | २०२२ | २०२१ | २०२० | २०१९ | २०१८ | २०१७ | २०१६ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्कोर<br>कूल अङ्क १०० | ३४ | ३४ | ३५ | ३४ | ३३ | ३३ | ३४ | ३१ | ३१ | २९ |
| स्थान/कुल देश | १०९/१८२ | १०७/१८० | १०८/१८० | ११०/१८० | ११७/१८० | ११७/१८० | ११३/१८० | १२४/१८० | १२२/१८० | १३१/१७६ |

ट्रान्सपरेन्सी इन्टरनेशनलले विभिन्न देशको भ्रष्टाचार अवधारणा सूचकाङ्क तयार गर्दा १३ वटासम्म अन्तर्राष्ट्रिय सर्वेक्षणका तथ्याङ्कलाई आधार मान्ने गरेको छ । नेपालको सूचकाङ्क निम्नलिखित ६ वटा संस्थाद्वारा विभिन्न क्षेत्र समेटेर गरिएको सर्वेक्षणको आधारमा तयार गरिएको छ ।

| सीपीआई | *विश्व बैङ्क* | *वर्ल्ड इकोनोमिक फोरम* | *ग्लोवल इनसाइट* | *वर्टेल्सम्यान फाउन्डेशन* | *वर्ल्ड जस्टिस प्रोजेक्ट* | *भी-डीईएम* | सीपीआई स्कोर |
|---|---|---|---|---|---|---|---|
| २०२५ | ३९ | ३१ | ३२ | ३४ | ३३ | ३३ | ३४ |
| २०२४ | ३९ | ३० | ३२ | ३४ | ३२ | ३४ | ३४ |
| २०२३ | ३५ | ३८ | ३५ | ३३ | ३१ | ३५ | ३५ |
| २०२२ | ३५ | ३८ | ३५ | ३३ | ३० | ३० | ३४ |
| २०२१ | ३५ | ३४ | ३५ | ३३ | ३२ | ३० | ३३ |
| २०२० | ३५ | ४० | ३५ | २९ | ३२ | २९ | ३३ |
| २०१९ | ३५ | ४० | ३५ | २९ | ३५ | २९ | ३४ |
| २०१८ | ३५ | ३३ | ३५ | २५ | ३२ | २५ | ३१ |
| २०१७ | ३५ | ३४ | ३५ | २५ | ३२ | २५ | ३१ |
| २०१६ | ३५ | २६ | ३४ | २४ | ३१ | २१ | २९ |

- विश्व बैङ्कले सरकारले गरेका निर्णय, स्रोतसाधनको प्रयोग लगायतका काम-कारबाही एवं कर्मचारीहरुबाट भएका कार्यहरुको जवाफदेहिता, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच र निहित स्वार्थ भएका सीमित व्यक्तिहरुको राज्य सञ्चालनमा पकड विषयमा सर्वेक्षण गरेको छ।
- वर्ल्ड इकोनोमिक फोरमले आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्का-पट्टा र न्यायिक निर्णयमा भ्रष्टाचारको विषयमा सर्भेक्षण गरेको छ।
- ग्लोबल इनसाइटले व्यापार, व्यवसाय, ठेक्का-पट्टा, आयात निर्यात र दैनिक काममा घूस र भ्रष्टाचारको जोखिम विषयमा सर्वेक्षण गरेको छ।
- वर्टेल्सम्यान फाउन्डेशनले पदको दुरुपयोगमा सार्वजनिक पदाधिकारीमाथि कुन हदसम्म कारबाही हुन्छ र भ्रष्टाचार नियन्त्रणमा सरकारको सफलताको अवस्थाको सर्वेक्षण गरेको छ।
- वर्ल्ड जस्टिस प्रोजेक्टले सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोगको अवस्थाको सर्वेक्षण गरेको छ।
- भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट (भीडीईएम) ले राजनीतिक भ्रष्टाचारको व्यापकता अन्तर्गत सरकार, संसद्, न्यायपालिका र सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारको सर्वेक्षण गरेको छ।

Corruption Perceptions Index 2025 सम्बन्धमा Transparency International बाट आज जारी प्रेस विज्ञप्ति र थप जानकारी www.transparency.org/cpi मा र टीआई नेपालको प्रेस विज्ञप्ति www.tinepal.org, facebook.com/tinepal मा उपलब्ध छ।

मदन कृष्ण शर्मा
अध्यक्ष

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

काठमाडौं, २०८२ माघ २७